स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



तेरिया मगर र दयाहाङ राईले आगामी फिल्म 'मितज्यू' को छायांकन सम्पन्न गरेका छन्। दाङ र रोल्पाका विभिन्न स्थानमा एक महिना लगाएर फिल्म खिचिएको निर्माता जनक घर्तीले बताए। अनिल बुढामगर निर्देशित यो फिल्मबाट चर्चित नृत्यांगना तेरियाले घरेलु फिल्ममा डेब्यू गरेकी हुन्। ग्रामीण भेगमा जीप हाँक्ने चालकको कथावस्तुमा आधारित फिल्मलाई सोसल ड्रामा जनरामा राखिएको छ।

आजको विचार...



सार्वजनिक... (दुई पेजमा)

चिन्तामणि रिजाल

राजेन्द्र बस्नेतको निर्देशनमा निर्माण हुने फिल्म 'कार्की साइँला' को छायांकन सुरु भएको छ। मंगलबार पूर्वी नेपालको धनकुटाबाट फिल्मको छायांकन सुरु भएको हो। पहिलो दिनको छायांकनमा कलाकार जितु नेपाल, प्रियना आचार्य मुन्नी, सुशील पोखरेल, वीरेन्द्रसिंह कुशहुवा, मान्सी शर्मा, मनिल तामाङ, रेणुका आचार्य, दिप्सन लिम्बु, रोदा राई, कमल देवकोटाले सहभागिता जनाए। निर्देशक बस्नेतले एक महिनाको तालिकासहित छायांकन सुरु भएको जनाए।



❒ वर्ष ३१ ❒ अंक २०८ ❒ २०८१ फागुन १३ गते बुधबार 25 February 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# 'स्वच्छ र निष्पक्ष निर्वाचनका लागि पत्रकारको भूमिका महत्वपूर्ण'

## सहयोग गरिदिन पत्रकारहरुलाई आयोगको आग्रह

**कृष्ण पोखरेल**

**पाल्पा, फागुन १२/** पाल्पाकी प्रमुख जिल्ला अधिकारी बिनु बज्राचार्य कुवँरले निर्वाचन स्वच्छ र निष्पक्ष बनाउन पत्रकारहरुको भूमिका महत्वपूर्ण हुने बताएकी छन् । मंगलबार जिल्ला निर्वाचन कार्यालय पाल्पाले आयोजना गरेको मतदाता शिक्षा एवं निर्वाचन प्रचार-प्रसारका लागि पत्रकारहरुसँगको अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्यको निर्वाचनलाई निष्पक्ष र धाँधलीरहित बनाउन पत्रकारको भूमिका महत्वपूर्ण हुने बताएकी हुन् ।

जिल्लाको सुरक्षा अवस्था मजबुत रहेको भन्दै ढुक्क भएर मतदान गर्ने वातावरण सिर्जना भएको प्रजिअ कुंवरले बताईन् । उनले निर्वाचनका लागि आवश्यक सुरक्षा रणनीति तयार भइसकेको र संवेदनशीलताका आधारमा सुरक्षाकर्मी परिचालन भएको बताईन । कार्यक्रममा जिल्ला निर्वाचन अधिकारी महेश शर्माले निर्वाचनमा सत्यतथ्य र यथार्थ समाचार सम्प्रेषण गर्न पत्रकारहरुलाई आग्रह समेत गरे । उनले निर्वाचनका क्रममा फैलिने भ्रामक, गलत तथा नियोजित सूचनाले लोकतान्त्रिक प्रक्रियामा गम्भीर असर पार्ने भन्दै सूचना प्रवाहलाई सत्यतथ्य र यथार्थमा आधारित बनाइ निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन सहयोग गरिदिन भनेका छन् । उनले जिल्लामा मतदान केन्द्रको व्यवस्थापन, मतदाता शिक्षा र जनशक्ति परिचालनको अवस्थाबारे प्रकाश पार्दै निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन कार्यालय प्रतिबद्ध रहेको बताए । अन्तरक्रियामा पत्रकारहरुले निर्वाचन आचारसंहिताको उल्लंघन, उम्मेदवारहरूको बैंक खाता व्यवस्थापन र मतगणनाको तयारीबारे प्रश्न उठाएका थिए । पत्रकारका जिज्ञासाको उत्तर दिँदै आचारसंहिता अनुगमन समितिका सदस्यहरू ऋषिराम सुवेदी र सूर्य प्रसाद अर्यालले आचारसंहिता पालना गराउन समिति सक्रिय रहेको बताए । उम्मेदवारको खर्च पारदर्शी बनाउन बैंक खाता अनिवार्य गरिएको र कुनै पनि उल्लंघनका घटनामा तत्काल कानुनी प्रक्रिया अगाडि बढाइने अनुगमनकर्ताले बताए । पाल्पामा हालसम्म १ वटा लिखित, २४ वटा मौखिक उजुरी आएको र ती उजुरीहरुको समाधान भईसकेको उनीहरुको भनाई छ । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले निर्वाचन सफल बनाउन जिल्लाका सञ्चारकर्मीहरू निरन्तर खटिरहेको बताए । निर्वाचन आयोगले अर्बौं रुपैयाँ खर्च गर्दा पनि मिडिया परिचालन र सूचना प्रवाहका लागि न्यून बजेट पनि विनियोजन नगरेकोमा अध्यक्ष तिमिल्सेनाले दुःख व्यक्त गरे । निर्वाचन जस्तो महत्वपूर्ण घडीमा मिडिया परिचालनमा एक पैसा पनि विनियोजन नहुनु विडम्बना भएको उनको भनाई छ । जिल्ला निर्वाचन अधिकारी महेश शर्माको अध्यक्षता, लेखापाल विनोद घिमिरेले सञ्चालनमा कार्यक्रम भएको थियो ।



पाल्पा क्षेत्र नं. १ मा ५२ मतदान स्थल र ११७ मतदान केन्द्र रहेका छन् । जसमा ९८ हजार ३ सय ८३ मतदाता छन् । जुनमा १४ जना उम्मेदवारबीच प्रतिस्पर्धा हुँदैछ । पाल्पा क्षेत्र नं. २ मा ६६ मतदान स्थल र १३४ मतदान केन्द्र रहेका छन् जसमा १ लाख ९ हजार ५३ मतदाता छन् । यहाँ १६ जना उम्मेदवार चुनावी मैदानमा छन् । यसैगरी दुई वटा अस्थायी मतदान केन्द्रमा कारागारबाट ६९ जना बन्दी र टुँडिखेल स्थित मतदान केन्द्रबाट सुरक्षाकर्मी, कर्मचारी गरी १ हजार ८ सय ५४ जना अस्थायी मतदाताले मतदान गर्दै छन् ।

### सक्षिप्त समाचार

## एम्बुलेन्स दुर्घटनामा ७ को मृत्यु

(रासस/एएफपी)

**मुम्बई,** फागुन १२/पूर्वी भारतीय राज्य झारखण्डमा चार्टर्ड एयर एम्बुलेन्स दुर्घटना हुँदा मृत्यु हुनेको सङ्ख्या सात पुगेको अधिकारीहरूले मंगलबार बताएका छन् । नागरिक उड्डयन महानिर्देशनालय (डिजिसिए) ले 'मेडिकल निकासी (एयर एम्बुलेन्स) उडान' सञ्चालन गर्ने बिचक्राट सी-९० सोमबार पूर्वी राज्य झारखण्डको कसारिया क्षेत्रमा दुर्घटना भएको पुष्टि गरेको छ । उद्धार र चिकित्सा टोलीहरू दुर्घटना स्थलमा पुगेका छन् भने, स्थानीय मिडियाले दुर्घटना स्थल दुर्गम जङ्गल भित्र रहेको जनाएका छन् । 'डाक्टरको टोलीले उनीहरूलाई फेला पारी परीक्षण गरेर मृत घोषणा गरेको स्थानीय प्रशासनिक अधिकारी कीर्तिश्री जीले पत्रकारहरूसँगको साक्षात्कारमा बताए । उनका अनुसार मृत्यु हुने सात जना मध्ये दुई जना चालक दलका सदस्य थिए । डिजिसिएले सोमबार राति रेडबर्ड एयरवेजद्वारा सञ्चालित विमानले मौसमका कारण सन्तुलन गुमाएको जनाकारी गराएको २३ मिनेट पछि हवाई ट्राफिक राडारसँग सम्पर्क गुमाएको बताइएको छ । भारतको विमान दुर्घटना अनुसन्धान ब्यूरोलाई अनुसन्धानका लागि घटनास्थलमा पठाइएको जनाइएको छ ।

# एक पटक अवसर दिनुहोस् पाल्पालाई समृद्ध बनाउँछौ : काँग्रेस उम्मेदवार श्रेष्ठ

**पाल्पा,** फागुन १२/नेपाली कांग्रेस पाल्पा क्षेत्र नम्बर २ का उम्मेदवार हिमालदत्त श्रेष्ठले पाल्पालाई समृद्ध बनाउने भिजन र योजना आफुसँग भएको बताएका छन् । आसन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि गाउँ-गाउँ पुगेर मतदाता भेटघाट कार्यक्रमलाई तीव्रता दिएका उनले मतदाताहरूसँग एक पटक संसद्मा जाने अवसर दिएमा पाल्पालाई समृद्ध बनाउने बताएका हुन् ।

उनले कृषि र पर्यटनका क्षेत्रमा पाल्पा प्रचुर सम्भावना भएको भन्दै त्यसका लागि दिर्घकालीन योजना आवश्यक रहेको उल्लेख गरे । नेता श्रेष्ठले भने "दिर्घकालीन योजना र भिजन भएको व्यक्ति केन्द्रीय पहुँच नहुँदा सम्भावना भएर पनि पाल्पा पछि परेको छ, यसका लागि भिजन भएको व्यक्ति अहिलेको आवश्यकता हो । " उनले आफुसँग पाल्पालाई कृषि र पर्यटनमार्फत समृद्ध बनाउन सक्ने स्पष्ट भिजन र योजना रहेकाले एक पटक भारी मतले विजयी बनाएर संसदमा पठाइदिन



मतदाताहरुलाई आग्रह गरे । नेता श्रेष्ठले भने " पाल्पालाई समृद्ध बनाउने स्पष्ट भिजन म सँग छ । त्यो भिजनलाई कार्यान्वयन गर्न यहाँले मलाई एक पटक संसदमा जाने मौका दिनुहोस् , म पाँच वर्ष भित्रमा पाल्पालाई देशकै नमुना र समृद्ध जिल्लाको रुपमा चिनाउन्छु ।" उनले जिल्लामा नगदेबालीको रुपमा अकबरे खुर्सानी, सुन्तला,तेजपात,अदुवा, बेसार उत्पादनको राम्रो सम्भावना रहेको बताए । माडीफाँट,कचलफाँट,सर्देवाफाँट, अर्गलीफाँट,चहलाफाँटसाथै मदनपोखरामा तरकारी तथा अन्नबालीको उत्पादन राम्रो हुने भए पनि त्यसलाई व्यवसायिक उत्पादनको रुपमा विकास गर्न नसकिएको उनले उल्लेख गरे ।


( ... बाँकी अन्तिम पेजमा)

# एमाले उम्मेदवार गैरेको प्रतिबद्धता पत्र सार्वजनिक

**हाम्रासंवाददाता**

**पाल्पा,** फागुन १२ /नेकपा एमाले पाल्पा क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार ठाकुर प्रसाद गैरेले चुनावी प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन् । उनले रिब्दीकोट गाउँपालिका -३ खस्यौली सिरुपातेमा पत्रकार सम्मेलन गरी आफ्नो ५ बर्षे प्रतिवद्धता पत्र सार्वजनिक गरेका हुन् ।

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई गन्तव्य बनाएको सार्वजनिक प्रतिबद्धता पत्रमा पाल्पाको समग्र विकासका लागि विभिन्न रणनीतिक योजनाहरू अघि सारिएका छन् । सडक र यातायात: सडक र पुललाई जीवनस्तर सुधारको आधार मान्दै जिल्लाका सडकको स्तरोन्नति र नयाँ सडक निर्माणलाई प्राथमिकता दिने, १२ महिना २४ सै घण्टा चल्ने सडक सञ्जालको विकास गर्न पहल गर्ने पाण्डेले प्रतिवद्धता जनाएका छन् ।



शहर, ग्रामीण बस्तीहरुलाई आधुनिक शहरी ढाँचामा विकास गर्ने र तानसेनलाई मौलिक एवं सांस्कृतिक सहरको रूपमा प्रवर्द्धन गर्ने योजना प्रतिवद्धतापत्रमा उल्लेख छ । पाल्पालाई पर्यटनको प्रमुख केन्द्र बनाउन बाँकी रहेका पूर्वाधारका कामहरू सम्पन्न गर्दै नयाँ कार्यक्रमहरु लागु गर्ने, तानसेन र तिनाउको सांस्कृतिक डबलीलाई पर्यटकीय गतिविधिको लागि प्रयोगमा ल्याउने र जिल्लाका तालतलैयाको संरक्षण गर्दै तिनलाई आर्थिक केन्द्रका रूपमा विकास गर्ने एमाले उम्मेदवार गैरेले प्रतिवद्धतापत्रमा राखेका छन् ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## मिथ्या सूचना रोकौं

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा सामाजिक सञ्जालमा भ्रामक सूचना, भिडियो र एआई निर्मित सामग्रीको बाढी आएको छ । गलत सूचना, चरित्रहत्या र सुनियोजित दुष्प्रचारले मतदाताको निर्णय प्रभावित पार्ने निश्चित छ । मिथ्या सूचना कतिले जानीजानी फैलाएकाछ्न्, कतिले अञ्जानमा । मानवीय स्वभाव नै छ–झुटो चाहिँ पत्याइहाल्छ र सत्यचाहिँ मुस्किलले भरोसा गर्छ । सामाजिक सञ्जालमा मिथ्या सूचनाहरु फैलाउने गरिएको छ ।.यस्तो अवस्थामा निर्वाचनलाई पूर्णतः निष्पक्ष र स्वतन्त्र  हुन्छ भन्न सक्ने अवस्था छैन् । उम्मेदवार र दलहरू सामाजिक सञ्जालमा प्रचारमा करोडौं रुपैयाँ खर्च गरिरहेका छन् । आफ्नै प्रचार मात्र होइन, प्रतिस्पर्धीविरुद्ध भ्रामक सामग्री उत्पादन र प्रसार भइरहेका संकेतहरू स्पष्ट छन् । विभिन्न नारा, कृत्रिम भिडियो र सन्दर्भविहीन क्लिपहरूले मतदातालाई भ्रमित पारिरहेका छन् । एआईको सहायताले बनाइएका भिडियोमा कसैले नबोलेको कुरा बोले झैं देखाइन्छ, नगरेको काम गरेको जस्तो प्रस्तुत गरिएका छन् । सामान्य मतदाताले कुन सही, कुन गलत छुट्याउन सक्ने अवस्था छैन् । निर्वाचन आयोगले साइबर सेल गठन गरेको, कल सेन्टर सञ्चालन गरेको र सामाजिक सञ्जाल कम्पनीसँग छलफल गरेको सकारात्मक कदम त हो । तर पर्याप्त होइन । प्रविधि छैन भनेर उम्मेदवार वा मतदाताहरू साइबर हिंसाका शिकार भइरहनुपर्ने अवस्था राम्रो होइन ।

निर्वाचन भयरहित र निष्पक्ष हुनुपर्छ । यसर्थ, आगामी निर्वाचनलाई निष्पक्ष, सभ्य भव्य तथा प्रभावकारी रूपमा सम्पन्न गर्न आचारसंहिता मात्र पर्याप्त हुँदैन । आचारसंहिता कुनै पनि निर्वाचनलाई भयमुक्त रूपमा सम्पन्न गर्ने एउटा आघारशीला हो । चुनावको निष्पक्षता, विश्वसनीयता तथा पारदर्शिताको निर्धारक तत्व भनेको मानवीय व्यवहार र आचरण नै हो । दण्ड र सजायको भयले मात्रै चुनाव निष्पक्ष हुने होइन । यसका लागि सत्य, तथ्य सूचनाहरु सम्प्रेषाण गर्न जरुरी हुन्छ । यसका कारण लोकतान्त्रिक अभ्यास र भावनाको कदर मात्रै नभई, हाम्रो भोटको दुरुपयोग हुनबाट समेत जोगिन सकिन्छ । यसबाट मात्र हामीले नै रोजेको र खोजेको हाम्रै प्रतिनिधि प्राप्त हुनेछ ।

## Opinion @ Social Network

रित्तो गोजिलाइ आफ्नै हातले त वास्ता गर्दैन
यो स्वार्थी दुनियाँमा त झन के अर्काको साथको आश गर्छौं ।
*(सागर सुनारको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.sunar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सार्वजनिक शिक्षा सङ्कटमा : बढ्दो बजेट, घट्दो भरोसा



चिन्तामणि रिजाल

*आधारभूत तहमा भर्ना दर बढेको छ र बालिका शिक्षामा सुधार सकारात्मक सङ्केत हो । दलित, जनजाति, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि लक्षित छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण, दिवा खाजा कार्यक्रम र दुर्गम क्षेत्रमा विद्यालय स्थापना जस्ता पहल राज्यका महत्त्वपूर्ण उपलब्धि हुन् । यी कार्यक्रमले विद्यालय भर्ना र निरन्तरतामा योगदान पुर्‍याएका छन् । तर पहुँच विस्तारले गुणस्तरको प्रश्नलाई ओझेलमा पारेको छ ।*

आर्थिक वर्ष २०८२/८३ को बजेटमा शिक्षा क्षेत्रका लागि २ खर्ब ११ अर्ब विनियोजन गरिएको छ, जुन कुल बजेटको १०.७५ प्रतिशत हो । शिक्षा बजेट बढ्दा पनि सार्वजनिक विद्यालयप्रतिको विश्वास घट्दै गएको र यसको मूल कारणहरूमा शिक्षक व्यवस्थापनमा राजनीतिक हस्तक्षेप, भौतिक पूर्वाधारको कमी, र गुणस्तरको अभाव रहेका छन् । सार्वजनिक शिक्षा सुधारका लागि शिक्षक, अभिभावक, स्थानीय तह र राज्यको सक्रिय सहभागिता आवश्यक छ, र यसलाई दीर्घकालीन लगानीका रूपमा हेर्नुपर्ने आवश्यकता छ । चालू आर्थिक वर्ष २०८२/८३ मा १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको कुल राष्ट्रिय बजेटमध्ये शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रमा २ खर्ब ११ अर्ब १६ करोड ६९ लाख रुपैयाँ विनियोजन गरिएको छ, जुन कुल बजेटको १०.७५ प्रतिशत हो । अङ्कका हिसाबले यो रकम ठूलो देखिन्छ । तर मूल प्रश्न के हो भने यस बजेटले सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र सामाजिक भरोसामा कस्तो प्रभाव पारेको छ ? विडम्बना के छ भने शिक्षा बजेट बर्सेनि बढ्दै गएको छ, तर सार्वजनिक विद्यालयप्रतिको भरोसा निरन्तर खस्कँदै गएको छ । यही विरोधाभास आज नेपालको सार्वजनिक शिक्षा बहसको मूल केन्द्र बनेको छ । विद्यालय शिक्षामा खर्च हुने बजेटको ठूलो हिस्सा स्थानीय तहबाट कार्यान्वयन हुने संरचनाअनुसार शिक्षा बजेटको ६८.९९ प्रतिशत स्थानीय तहमा, २.३३ प्रतिशत प्रदेश तहमा र बाँकी २८.६८ प्रतिशत सैीय तहमा विनियोजन गरिएको छ । सैीयताको मर्मअनुसार यो संरचना सिद्धान्तमा उचित देखिए पनि व्यवहारमा अपेक्षाअनुरूप प्रभाव परेको छैन । स्थानीय तहमा हस्तान्तरण भएको रकमको अवस्था हेर्दा शिक्षा क्षेत्रको वास्तविक चुनौती प्रस्ट हुन्छ । स्थानीय तहका लागि विनियोजन गरिएको जम्मा एक खर्ब ४५ अर्ब ६७ करोड ८८ लाख रुपैयाँमध्ये एक खर्ब १४ अर्ब ६६ करोड १० लाख ७४ हजार रुपैयाँ शिक्षक तथा कर्मचारीको तलब-भत्तामा खर्च हुन्छ, जुन स्थानीय तहको कुल शिक्षा बजेटको ७८.७१ प्रतिशत हो । यिनै घोषणाबीच सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास कमजोर हुँदै गएको यथार्थ लुकाउन सकिँदैन । यसमा दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, सञ्चालन खर्च, निःशुल्क स्यानिटरी प्याड र द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रमजस्ता अनिवार्य दायित्व थपिँदा स्थानीय तहको झन्डै ९२ प्रतिशत बजेट बाध्यात्मक खर्चमै सीमित हुन्छ । परिणामतः भौतिक पूर्वाधार सुधार, सिकाइ प्रविधि विस्तार, शिक्षक पेसागत विकास र गुणस्तर सुधारका लागि प्रयोग गर्न सकिने बजेट केवल ८ प्रतिशत बाँकी रहन्छ । यस्तो संरचनाले सार्वजनिक शिक्षामा गुणात्मक सुधारको अपेक्षा कठिन बनाउँछ । नेपालको सार्वजनिक शिक्षा प्रणाली केवल विद्यालय र पाठ्यपुस्तकको विषय होइन । यो राज्यको प्रतिबद्धता, सामाजिक न्याय र भविष्य निर्माणसँग गाँसिएको आधारभूत प्रश्न हो । संविधानले शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ र 'सबैका लागि गुणस्तरीय शिक्षा' सरकारी नीतिको स्थायी नारा बनेको छ । तर यिनै घोषणाबीच सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास कमजोर हुँदै गएको यथार्थ लुकाउन सकिँदैन । विद्यार्थी सङ्ख्या घट्दै गएको छ, कतिपय विद्यालय अस्तित्वकै सैर्षमा छन् र निजी विद्यालयको तीव्र विस्तारले सार्वजनिक शिक्षाको सामाजिक छविलाई कमजोर बनाएको छ । यसले शिक्षा प्रणालीलाई वर्गीय रूपमा विभाजित गर्दै सामाजिक असमानता बढाउने खतरा सिर्जना गरेको छ । यसको अर्थ सार्वजनिक शिक्षामा उपलब्धि छैन भन्ने होइन । पछिल्ला दशकमा विद्यालय पहुँच उल्लेखनीय रूपमा विस्तार भएको छ । आधारभूत तहमा भर्ना दर बढेको छ र बालिका शिक्षामा सुधार सकारात्मक सङ्केत हो । दलित, जनजाति, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि लक्षित छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण, दिवा खाजा कार्यक्रम र दुर्गम क्षेत्रमा विद्यालय स्थापना जस्ता पहल राज्यका महत्त्वपूर्ण उपलब्धि हुन् । यी कार्यक्रमले विद्यालय भर्ना र निरन्तरतामा योगदान पुर्‍याएका छन् । तर पहुँच विस्तारले गुणस्तरको प्रश्नलाई ओझेलमा पारेको छ । अझै पनि ठूलो सङ्ख्यामा बालबालिका विद्यालयको पहुँचबाहिर छन् । कतै विद्यालयमा विद्यार्थी सङ्ख्या अत्यन्त न्यून छ भने कतै एकै कक्षामा अत्यधिक चाप छ । शिक्षक व्यवस्थापन असन्तुलित छ– कतै शिक्षक अभाव छ, कतै आवश्यकताभन्दा बढी शिक्षक कार्यरत छन् । दैनिक रूपमा विद्यालय सञ्चालनका लागि आवश्यक न्यूनतम खर्च पर्याप्त नपाउँदा धेरै सामुदायिक विद्यालय कठिन परिस्थितिमा छन् । भौतिक पूर्वाधार कमजोर छह प्रयोगशाला, पुस्तकालय, खेलमैदान र सूचना प्रविधिमा पहुँच सीमित छ । कक्षाकोठामा सिकाइ उपलब्धि अपेक्षित स्तरमा नपुग्नु सार्वजनिक शिक्षाको दीर्घकालीन समस्या बनेको छ । शिक्षक व्यवस्थापनमा राजनीतिक हस्तक्षेप अर्को गम्भीर समस्या हो । शिक्षक नियुक्ति, सरुवा र बढुवामा योग्यता र कार्यसम्पादनभन्दा पहुँच हावी हुँदा शिक्षण पेसाको गरिमा कमजोर भएको छ । माध्यमिक तहका परीक्षाफलले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरप्रति उठेका प्रश्नलाई थप गहिरो बनाएको छ । यसै कारणले अभिभावक आफ्ना सन्तानलाई निजी विद्यालयतर्फ पठाउन बाध्य छन् । यसले शिक्षा प्रणालीमा आर्थिक हैसियतका आधारमा अवसर विभाजन गर्ने अवस्था सिर्जना गरेको छ, जुन सामाजिक न्यायको दृष्टिले गम्भीर चुनौती हो । सार्वजनिक शिक्षा कमजोर देखिनुका कारण बहुआयामिक छन् । शिक्षा नीति बारम्बार परिवर्तन हुन्छ, तर दीर्घकालीन दृष्टि र निरन्तरता देखिँदैन । सैीय शासन प्रणालीपछि शिक्षा व्यवस्थापनको अधिकार बाँडिए पनि स्पष्ट कार्यविभाजन र प्रभावकारी समन्वयको अभाव छ । नीति निर्माण र कार्यान्वयनबीचको दूरीले विद्यालय प्रशासन, शिक्षक व्यवस्थापन र गुणस्तरमा नकारात्मक असर पारेको छ । शिक्षक व्यवस्थापनमा राजनीतिक हस्तक्षेप अर्को गम्भीर समस्या हो । शिक्षक नियुक्ति, सरुवा र बढुवामा योग्यता र कार्यसम्पादनभन्दा पहुँच हावी हुँदा शिक्षण पेसाको गरिमा कमजोर भएको छ । शिक्षक तालिम कार्यक्रम धेरैजसो औपचारिकतामा सीमित छन्, जसको प्रभाव कक्षाकोठाको सिकाइमा देखिँदैन । शिक्षकलाई परिवर्तनको संवाहक होइन, केवल कर्मचारीका रूपमा हेर्ने प्रवृत्तिले सार्वजनिक शिक्षाको आधार कमजोर बनाएको छ । अझ गम्भीर पक्ष के हो भने शिक्षकहरूको मनोबल घट्दै गएको छ । बढुवा, सरुवा र तालिममा पारदर्शिता नभएकाले अनुभवी शिक्षकहरू पेसाबाट टाढा भएका छन् । कतिपय विद्यालयमा शिक्षक अभावका कारण एकै शिक्षकले दुई-तीन कक्षा पढाउने बाध्यता छ, जसले विद्यार्थीको सिकाइ गुणस्तरमा प्रत्यक्ष असर गर्छ । यसैबीच सार्वजनिक विद्यालयप्रतिको सामाजिक धारणा पनि खस्कँदै गएको छ । धेरै अभिभावक सार्वजनिक विद्यालयलाई अन्तिम विकल्पका रूपमा हेर्न थालेका छन् । नीति-निर्माता, उच्चपदस्थ अधिकारी र प्रभावशाली वर्गले आफ्ना सन्तान निजी विद्यालयमा पढाउने प्रवृत्तिले सार्वजनिक शिक्षाप्रति अविश्वासको सन्देश दिएको छ । राज्य स्वयं आफ्ना विद्यालयप्रति विश्वस्त नदेखिँदा समाजबाट भरोसा अपेक्षा गर्नु कठिन हुन्छ । सार्वजनिक शिक्षा सुधारका लागि अभिभावक, शिक्षक, स्थानीय तह र राज्य सबैको सक्रिय सहभागिता अपरिहार्य छ । यद्यपि सार्वजनिक शिक्षा सुधार असम्भव छैन । सीमित स्रोत र कठिन परिस्थितिका बाबजुद उत्कृष्ट नतिजा हासिल गरेका सामुदायिक विद्यालयहरू उदाहरणका रूपमा छन् । ती विद्यालयमा सक्षम नेतृत्व, उत्तरदायी शिक्षक, सक्रिय समुदाय र पारदर्शी व्यवस्थापन निर्णायक बनेका छन् । यसले इच्छाशक्ति र सुशासन भए सार्वजनिक शिक्षा सुधार सम्भव छ भन्ने प्रमाणित गर्छ । सार्वजनिक शिक्षाको सबैभन्दा ठूलो शक्ति यसको समावेशी चरित्र हो । गरिब, ग्रामीण, सीमान्तकृत र अवसरबाट वञ्चित समुदायका बालबालिकाको भविष्य सार्वजनिक शिक्षासँग गाँसिएको छ । त्यसैले सार्वजनिक शिक्षा सुधार गर्नु केवल शैक्षिक विषय होइनह यो सामाजिक न्याय, समान अवसर र राष्ट्रिय विकाससँग प्रत्यक्ष जोडिएको प्रश्न हो । अब आवश्यक छ शिक्षालाई खर्च होइन, दीर्घकालीन लगानीका रूपमा हेर्ने दृष्टि । बजेट वृद्धि मात्र पर्याप्त छैनह त्यसको पारदर्शी, प्रभावकारी र परिणाममुखी उपयोग सुनिश्चित गर्नुपर्छ । शिक्षक व्यवस्थापनमा राजनीतिक हस्तक्षेप अन्त्य गरी योग्यता र कार्यसम्पादनमा आधारित प्रणाली लागू गर्नुपर्छ । विद्यालयको सिकाइ उपलब्धि र स्थानीय तहको जिम्मेवारी मापन गर्ने स्पष्ट सूचक र कडा अनुगमन प्रणाली विकास गर्नु अपरिहार्य छ । सार्वजनिक शिक्षा सुधारका लागि अभिभावक, शिक्षक, स्थानीय तह र राज्य सबैको सक्रिय सहभागिता अपरिहार्य छ । शिक्षकले शिक्षणलाई केवल रोजगारी नभई पेसागत र सामाजिक दायित्वका रूपमा लिनुपर्छ । विद्यालय नेतृत्व र व्यवस्थापन समितिले विद्यालयलाई प्रशासनिक एकाइ मात्र होइन, सिकाइको केन्द्रका रूपमा विकास गर्नुपर्छ । अभिभावक र समुदायको सहयोगबिना सार्वजनिक शिक्षा सुदृढ हुन सक्दैन । अन्ततः सार्वजनिक शिक्षा नेपालको भविष्य निर्माणको आधार हो । यदि राज्य, शिक्षक, अभिभावक र समाजले आआफ्नो भूमिका इमानदारीका साथ निर्वाह गर्न सके, बढ्दो बजेटसँगै सार्वजनिक शिक्षाप्रतिको भरोसा पनि पुनः स्थापित हुनेछ । यही भरोसाले मात्र समतामूलक र सक्षम समाज निर्माणको बाटो खोल्नेछ ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा दुबिधा उत्पन्न हुन सक्छ, तर धार्मिक कार्यमा मन चैं लाग्नेछ । | **तुला** : विद्या र बुद्धिको विकास हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला । |
| **वृष** : आकस्मिक लाभ प्राप्त हुने छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । | **वृश्चिक** : न्यायिक कार्यमा सफलता मिल्ने र बौद्धिकताको विकास हुनेछ । |
| **मिथुन** : घुम्न जाने योजना बन्न सक्छ । बोलीको भरमा कार्य सम्पादन हुनेछ । | **धनु** : कठोर परिश्रम गर्नुपर्ने समय छ । दैनिक व्यवहारमा खर्च बढ्न सक्छ । |
| **कर्कट** : मित्रबाट सहयोग मिल्नेछ । भोलि कतै घुम्न जाने योजना पनि बन्न सक्छ । | **मकर** : राम्रो सफलता हात लाग्नेछ। गोपनीयता बाहिरिनाले समस्या आइपर्ला। |
| **सिंह** : दौडधुप गर्नु गरेपनि लाभ नै हुनेछ । रमाइलो यात्राको योग रहेको छ । | **कुम्भ** : साहसिक कार्य गर्ने समय रहेको छ। धैर्य र पराक्रममा वृद्धि हुनेछ। |
| **कन्या** : नयाँ कार्यहरूमा लगानी लगाउनको लागि सोचविचार गरेर मात्र निर्णय लिनुहोला। | **मीन** : मित्रबाट विशेष सहयोग मिल्नेछ । कतै घुम्न जाने योजना बन्न सक्छ । |

## कला मनोरञ्जन

# इतिहास जोगाउन 'चलचित्र सङ्ग्रहालय' घोषणा




नेपाली चलचित्रको इतिहास जोगाउने उद्देश्यले चलचित्र विकास बोर्डले पुराना सामग्रीहरू समेटेर 'चलचित्र सङ्ग्रहालय' निर्माण गर्ने भएको छ । मङ्गलबार बोर्डमा आयोजित एक कार्यक्रमबिच सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव लक्ष्मीकुमारी बस्नेतले सङ्ग्रहालय बनाउने घोषणा गरिन् । 'इतिहासको संरक्षण, भविष्यको प्रेरणा' नारासहित सङ्ग्रहालय स्थापना गर्न लागिएको हो । सङ्ग्रहालयमा पुराना चलचित्रका फोटो, पोस्टर, छायाङ्कनमा प्रयोग भएका पुराना क्यामेरा, टेप रेकर्डर, लाइट र पटकथा (स्क्रिप्ट) जस्ता सामग्रीहरू राखिनेछन् । कार्यक्रममा सञ्चार सचिव बस्नेतले चलचित्र विकास बोर्डले सुरु गरेको 'चलचित्र सङ्ग्रहालय' ले नेपाली चलचित्रको गौरवमय इतिहासलाई सुरक्षित गर्दै नयाँ पुस्ताका लागि अध्ययनको स्रोत बन्ने बताइन् । 'चलचित्र क्षेत्रले पार गरेका विभिन्न आरोह-अवरोह र प्रविधिको विकासक्रमलाई बुझ्न सङ्ग्रहालय महत्त्वपूर्ण हुनेछ,' उनले भनिन्, 'पुराना चलचित्रका फोटो, पोस्टर, छायाङ्कनमा प्रयोग भएका पुराना क्यामेरा, टेप रेकर्डर, लाइट र पटकथाजस्ता सामग्रीहरूको संरक्षण सुरु हुनु सकारात्मक कदम हो ।' हामी डिजिटल युगमा भएकाले हिजोका दिनमा कस्ता सामग्री र प्रविधि प्रयोग हुन्थे भन्ने कुरा हाम्रा सन्तति र अनुसन्धानकर्ताका लागि महत्त्वपूर्ण शिक्षा हुने उनको भनाइ थियो । 'ती सामग्रीहरूले नेपाली सिनेमा उद्योगको जगलाई बलियो बनाउने र इतिहास जीवित राख्नेछ,' उनले थपिन्, 'नेपाली चलचित्र उद्योगलाई अझ मजबुत बनाउन चलचित्रकर्मीहरूको एकता र निरन्तरको लगाव आवश्यक छ ।' उनले चलचित्र क्षेत्रको सर्वाङ्गीण विकासका लागि मन्त्रालय सधैँ खुला रहेको समेत बताइन् । चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले नेपाली चलचित्रको इतिहासलाई जीवन्त राख्न चलचित्र सङ्ग्रहालयलाई केवल पुराना सामग्री राख्ने ठाउँ मात्र नभई एउटा सुसज्जित 'अध्ययन केन्द्र'का रूपमा विकास गर्ने बताए । आगामी पुस्ताका लागि इतिहास जोगाउनु बोर्डको मुख्य दायित्व भएको उनको भनाइ थियो । आफ्नो पुस्ताले गर्व गरेका सामग्रीहरू समयक्रममा हराउँदै जाने वा फोहोर सम्झेर फालिने जोखिम रहेको औँल्याउँदै अध्यक्ष डिसीले भने, 'आजभन्दा २०० वर्षपछिका विद्यार्थीले नेपाली चलचित्रका सफलता र असफलताका कथा खोज्दा यो सङ्ग्रहालयले एउटा बलियो स्रोतको काम गर्नेछ ।' उनले हालसम्म बोर्डले करिब १,००० थान स्क्रिप्ट र १,५०० थान पोस्टरहरू सङ्कलन गरिसकेको जानकारी दिए । नेपाली चलचित्रको इतिहास संरक्षणका लागि पुराना र क्लासिक चलचित्रहरूको डिजिटाइजेसनलाई बोर्डले प्राथमिकतामा राखेको बताउँदै डिसीले 'आमा'देखि 'सिन्दूर'सम्मका १० वटा ऐतिहासिक चलचित्रहरूका साथै 'बलिदान' र नेपाल भाषाको पहिलो चलचित्र 'शिलु'लाई डिजिटाइज गर्ने प्रक्रिया अगाडि बढिसकेको जानकारी दिए । 'सङ्ग्रहालयका लागि ऐतिहासिक क्यामेरा, स्क्रिप्ट, पोस्टर र अन्य उपकरणहरू हस्तान्तरण गर्ने चलचित्रकर्मी र संस्थाहरूको नाम सङ्ग्रहालयमा सम्मानका साथ अङ्कित गरिनेछ,' उनले भने । बोर्ड सदस्य गणेश सुवेदीले आफूसँग रहेका पुराना चलचित्रका सामग्री सङ्ग्रहालयका लागि उपलब्ध गराउन सबैलाई आग्रह गरे । 'तपाईंहरूसँग त्यस्ता सामग्री र प्रविधिहरू छन् भने चलचित्र विकास बोर्डलाई हस्तान्तरण गर्नुहोला । बोर्डले त्यसको संरक्षण मात्र नगरी यहाँहरूको योगदानलाई जीवन्त राख्नेछ र नाम पनि अङ्कित गर्नेछ,' सुवेदीले थपे, 'यहाँहरूको घरमा ती सामग्री अस्तव्यस्त रहनुभन्दा विकास बोर्डको सङ्ग्रहालयमा रह्यो भने त्यसले हामीलाई गर्विलो बनाउनेछ र सङ्ग्रहालयलाई समृद्ध बनाउनेछ ।' कार्यक्रममा चलचित्र सेन्सर बोर्डका अध्यक्ष उदयबहादुर रानामगर, सदस्यहरू, चलचित्रका कलाकार, निर्माता, निर्देशक, पत्रकारलगायतको बाक्लो उपस्थिति रहेको थियो ।

**कार्यक्रममा सञ्चार सचिव बस्नेतले चलचित्र विकास बोर्डले सुरु गरेको 'चलचित्र सङ्ग्रहालय' ले नेपाली चलचित्रको गौरवमय इतिहासलाई सुरक्षित गर्दै नयाँ पुस्ताका लागि अध्ययनको स्रोत बन्ने बताइन् । 'चलचित्र क्षेत्रले पार गरेका विभिन्न आरोह-अवरोह र प्रविधिको विकासक्रमलाई बुझ्न सङ्ग्रहालय महत्त्वपूर्ण हुनेछ,' उनले भनिन्, 'पुराना चलचित्रका फोटो, पोस्टर, छायाङ्कनमा प्रयोग भएका पुराना क्यामेरा, टेप रेकर्डर, लाइट र पटकथाजस्ता सामग्रीहरूको संरक्षण सुरु हुनु सकारात्मक कदम हो ।' हामी डिजिटल युगमा भएकाले हिजोका दिनमा कस्ता सामग्री र प्रविधि प्रयोग हुन्थे भन्ने कुरा हाम्रा सन्तति र अनुसन्धानकर्ताका लागि महत्त्वपूर्ण शिक्षा हुने उनको भनाइ थियो ।**

**ऐतिहासिक सामग्रीहरूको सङ्कलन**

कार्यक्रममा चलचित्रकर्मीहरूले वर्षौंदेखि सुरक्षित राखेका ऐतिहासिक क्यामेरा, सम्पादन उपकरण, दुर्लभ पोस्टर र पटकथाहरू बोर्डलाई हस्तान्तरण गरेका थिए । जसमा रजत बुढाथोकीले रेड क्यामेरा, दिनेश महराले सोनी एक्स-३ क्यामेरा, मानबहादुर थापाले सन् १९८० को प्यानासोनिक एफ-१० क्यामेरा, मोनिटर र अडियो मिक्सर हस्तान्तरण गरे । त्यस्तै, मन्दिल श्रेष्ठ र गौरीशङ्कर धुजुले पुरानो ऐतिहासिक क्यामेरा र ट्राइपोड प्रदान गर्दा म्युजिक नेपालका उत्तम थापाले १५२ वटा पोस्टर, आइडियल डिजाइनर्सका सुन्दरलाल श्रेष्ठले १४६ वटा र दर्शनवीर शाक्यले ८० वटा नेपाल भाषाका चलचित्रका पोस्टरहरू हस्तान्तरण गरे । कोरियाबाट खुमराज पौडेलले ७०४ वटा दुर्लभ पोस्टरहरू पठाएका थिए । त्यस्तै, पवन आचार्यले ३४४ वटा अडियो क्यासेट तथा सीडी र छायाँकार पुरुषोत्तम प्रधानले नेपाली चलचित्रका ३४ वटा महत्त्वपूर्ण स्क्रिप्टहरू बोर्डलाई दिए । सोही अवसरमा नरेन्द्रबहादुर श्रेष्ठले प्रथम चलचित्र अवार्डका सङ्ग्रहयोग्य कागजातहरू हस्तान्तरण गरेका थिए । नेपाली चलचित्रको इतिहासमा कोशेढुंगा मानिने चलचित्र 'बलिदान'का लागि निर्माता श्याम सापकोटा र नेपाल भाषाको पहिलो चलचित्र 'शिलु'का तर्फबाट कलाकार जय श्रेष्ठले डिजिटाइजेसनका लागि प्रतीकात्मक रिल हस्तान्तरण गरेका थिए । कार्यक्रममा बोर्डले विभिन्न सामग्री हस्तान्तरण गर्ने सबै व्यक्तित्व र संस्थालाई सम्मान गरेको थियो ।

*-रातोपाटी डटकम*

# 'मिसेस नोबेल नेपाल २०२६' को ताज शुभेच्छालाई



मिसेस नोबेल नेपाल २०२६ को ताज शुभेच्छा मेयाङ्बोले पहिरिन सफल हुनुभएको छ । सोमबार अपरान्ह राजधानीको ज्यापु एकेडेमीमा आयोजित कार्यक्रममा शुभेच्छाले सो ताज पहिरिन सफल हुनुभएको हो । ताजसँगै उनलेफेसन कलेजमा छात्रवृत्ति लगायत अन्य उपहार प्राप्त गरेकी छन् । हिमालयन मुमिजद्वारा आयोजित सो कार्यक्रममा फस्ट रनरअपमा सुष्मा कार्की र सेकेण्ड रनरअपमा देवकी कार्की खड्का हुन सफल भइन । विवाहित महिलाहरुको राष्ट्रियस्तरको सो सौन्दर्य प्रतियोगिता श्रृंखलाको छैटौं संस्करण भएको आयोजकले जनाएको छ । करिव डेढ दर्जन प्रतियोगीहरुले तीन सातासम्म चर्चित फेसन कोरियोग्राफर हिमानी सुब्बाबाट व्यक्तित्व विकास, बोलीचाली अभ्यास, स्टेज प्रस्तुती, प्रस्तुतीकरण, फोटोसुटलगायतका विषयमा तालिम लिएकी थिईन् । एकै रङको पोशाकमा ओपनिङ नृत्यमार्फत कार्यक्रम सुरु गरेका प्रतियोगीहरुले परिचयात्मक चरण, पोशाक प्रदर्शनी, टप १०, टप ५ हुँदै क्राउनिङसम्म पगेकी थिईन् । कार्यक्रममा विविध सवटाइटल अवार्डहरुसमेत वितरण गरिएको थियो। जसमा वेस्ट ट्यालेन्ट शुभेच्छा मेयाङ्बो, वेस्ट पर्सनालिटी सानी शेर्पा, मोस्ट कन्फिडेन्ट मनु लिम्बु, वेस्ट फोटोजेनिक सुष्मा कार्की, मोस्ट याक्टिभ सम्झना सुनुवार, मोस्ट डिसेन्ट पम्फा नेपाली, मोस्ट डेडीकेटेड निरु लामा, मोस्ट डाइनामिक अमिता अधिकारी, मोस्ट स्मार्ट सुनैना अर्याल, मोस्ट ग्रेसफुल कुमारी खड्का गुरुङ, मोस्ट डिलिजेन्ट देवकी कार्की खड्का, मोस्ट चार्मिङ पुनम थापा पौड्याल, मोस्ट पपुलर सुनैना अर्याल, वेस्ट मल्टिमिडिया सानी शेर्पा, पब्लिक च्वाइस भिडियो सुष्मा कार्की र वेस्ट ड्रेस मनु लिम्बुले जित्न सफल भइने् । बीचबीचमा कलाकारहरुको आकर्षक नृत्य गरेको सो कार्यक्रममा विवाहित महिलाहरुले आफूलाई कोरियोग्राफर सुब्बाकै निर्देशन बमोजिम सकभर अब्बल साबित गर्न लागेको प्रष्ट देखिन्थ्यो। कार्यक्रमको निर्णायक मण्डलमा अभिनेता तथा इभेन्टकर्मी एसराज गराज, फेसन डिजाइनर सुक्निता चौलागाईं, नृत्य प्रशिक्षक राहुल साह, नायिका ऋचा थापा, मिसेस हिमालयन नेपाल २०२५ प्रनिता क्षेत्री र फेसन डिजाइनर तथामिसेस ग्लोबल नेपाल २०२४ की विजेता सुनिता भुजेल रहेकी थिइन् । आफूभित्र निहीत प्रतिभा प्रस्फुटन गरी आफूलाई हरेक क्षेत्रमा प्रमाणित गर्न विवाहित महिला पनि सक्षम छन् भन्ने सन्देशका साथ कार्यक्रम आयोजना गरिएको इभेन्ट म्यानेजर कोमलनाथ खतिवडाले जानकारी दिए ।

*-इहिमालय टाइम्स डटकम*

# 'प्राविधिकको ढिलासुस्ती र लापरबाहीले निर्देशकको निदहराम हुन्छ'



नेपाली सिनेमाका पोख्त निर्देशक हुन् । उनले क्याप्टेन, ऐश्वर्य, मायावीजस्ता फिल्म निर्देशन गरे । पछिल्लो समय भट्टराई निर्देशित नरसिंहा अवतार प्रदर्शन भयो । आधा दर्जन फिल्म निर्माणमा उनले जे जस्ता सफलताको स्वाद चाखे, उत्तिकै सास्ती पनि झेले । फिल्म परिकल्पनादेखि प्रदर्शनसम्म आइपुग्दा एउटा निर्देशकले के कस्तो कष्ट झेल्नुपर्छ ? के कस्ता सास्ती व्यहोर्नुपर्छ ? के कस्ता जोखिम उठाउनुपर्छ ? दिवाकर त्यसका भुक्तभोगी हुन् । किनभने पूर्णकालीन सिनेमा निर्माणमा खटिएका उनीसँग यसका लम्बाइ-चौडाइ अनुभव छन् । फिल्म निर्माण आफैंमा चुनौतीपूर्ण काम हो । यसका लागि कथा रचनादेखि संशाधन व्यवस्थापन, कलाकार छनौट, आर्थिक व्यवस्थापन जस्ता थुप्रै झन्झट व्यहोर्नुपर्ने हुन्छ । मूलत फिल्म निर्माणलाई तीन चरणमा सम्पन्न गरिन्छ । प्रि-प्रोडक्सन, प्रोडक्सन र पोस्ट-प्रोडक्सन । यी चरणहरू सिलसिलाबद्ध र अत्यन्तै मिहेनतका साथ पूरा गरेपछि बल्ल फिल्म तयार हुन्छ, प्रदर्शनका लागि।फिल्म त तयार हुन्छ र चहकिलो पर्दामा त्यो दर्शकमाझ पुग्छ । तर, पर्दामा देखिने सो दृश्य निर्माणका लागि पर्दापछाडि बसेर एउटा निर्देशकले के-के गरेका हुन्छन् ? धेरैलाई थाहा हुन्न । फिल्म प्रदर्शनपछि कस्तो होला ? त्यसले के लगानी उठाउँछ ? मुनाफा कमाउँछ ? यो प्रश्नहरूले त निर्देशकलाई बेचैन बनाउँछ नै । त्यससँगै फिल्म निर्माणका विभिन्न चरणमा भोग्नुपर्ने अनेक सास्ती उनीहरूलाई आराम दिँदैन।यसरी फिल्म निर्माणका क्रममा एउटा निर्देशकले के कस्ता दु:ख झेलेका हुन्छन् ? पर्दामा नदेखिएका कुरा निर्देशक दिवाकर भट्टराईले खोलेका छन् । उनै निर्देशक भट्टराईले सिनेमा निर्माणका क्रममा भोग्नुपर्ने कथा विस्तारमा सुनाएका छन् । नेपाली फिल्म उद्योगमा फिल्म मेकर्सले सबैभन्दा धेरै दु:ख पाउने भनेको पोस्टप्रोडक्सनमा हो । यो समस्याबाट ९० प्रतिशत फिल्म मेकर्स गुर्जिनुपरेको छ । हामी पुराना मेकर्सको त यो पीडा छ भने नयाँको कस्तो होला ? तपाईं आफैं अनुमान लगाउन सक्नुहुन्छ । भर्खरै प्रदर्शन भएको चलचित्र 'शिवांश' मेकर्सले पोस्टप्रोडक्सनमा पाएको पीडाबारे सार्वजनिक रूपमा मिडियामार्फत सुनेको थिएँ । राजेन्द्र मोत्तान, रेनिष फागो, मनोरन्जन, मुकेश मामा लगायतका कतिपय टेक्निसियनहरू छन् उहाँहरू धेरै ठिक हुनुहुन्छ । मुकेश मामा कति सिरियस काम गर्नुहुन्छ, त्यो सबैलाई थाहा छ । तर, अन्य केहि प्राविधिक तथा टेक्निसियनहरूबाट गतिलो आउटपुट आएको देखिएन । हामीकहाँ बिग हाउस छैन, जहाँ गएर सबै काम सम्पन्न गर्न सकियोस्, भनेको बेलामा गर्न सकियोस् । अहिले चिनजानका साथीभाइ र सम्बन्धका आधारमा हामीले फिल्मको काम गरिन्छ, विशेषगरी टेक्निसियनहरूलाई त्यसैअनुसार पोस्टको काम दिइन्छ । सिनेमा प्रदर्शनको बेलामा हामीले पनि उनीहरूलाई प्रेसर गर्न सक्दैनौं । तर, कामको प्रेसरले हामीलाई नराम्रोसँग चिन्ता दिएको हुन्छ । खासगरी समयमा काम नसकिने भनेको साउन्डमा हो । गतिलो काम नहुने पनि साउण्डमा नै हो । खासमा त उनीहरूले हल टेस्ट गरेर साउण्डको फाइल हामीलाई फाइनल दिनुपर्ने हो ।

*-अनलाइन खबर डटकम*

# प्रविधि विस्तारबाट गहुँको उत्पादन बढाइने



**लुम्बिनी,** फागुन १२/रुपन्देहीको सम्मरीमाई गाउँपालिकाका किसान अजयकुमार यादव परम्परागत तरिकाले गहुँखेती गर्दै आएका थिए । भारतीय सीमा क्षेत्रसँग नजिक भएकाले उनले भारतबाट गहुँको बीउ ल्याएर प्रयोग गर्दै आएका छन् । आवश्यक प्राविधिक ज्ञानको अभावमा पर्याप्त उत्पादन लिन पनि सकेका थिएन । गहुँ उत्पादन राम्रो आम्दानी लिने सोचका साथ यादव राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमले आयोजना गरेको उन्नत गहुँखेती प्रविधि तालिममा सहभागी भए ।

तालिमका क्रममा उनले उन्नत जातको प्रमाणित बीउ छनोट गर्ने विधि, छर्ने तरिका, सन्तुलित मलखाद व्यवस्थापन, समयमै सिँचाइ, रोग तथा कीरा व्यवस्थापन र उत्पादन वृद्धि गर्ने आधुनिक अभ्यासबारे प्राविधिक ज्ञान हासिल गरे । एकहप्ते तालिमबाट सिकेको सीपलाई व्यवहारमा उतार्नेमात्र होइन, गाउँका अन्य किसान दाजुभाइलाई समेत सिकाउने प्रतिबद्धता यादवले व्यक्त गरेका छन् । रुपन्देहीमा आयोजना गरिएको तालिममा २४ जिल्लामा २५ जना किसानको सहभागिता थियो । तालिममा किसानबाहेक १५ जना सम्बन्धित विषयका विद्यार्थीहरू पनि तालिममा सहभागी थिए । एक हप्तासम्म किसानलाई सैद्धान्तिक र प्रयोगात्मक विधिबाट उन्नत गहुँखेती प्रविधि तालिम सिकाइएको थियो । तालिममा सहभागी अधिकांश किसानलाई नयाँ विकास गरिएका गहुँका जातबारेसमेत थाहा थिएन । अधिकांशलाई कुन जातको गहुँको बीउ छरेको भन्ने पनि थाहा नभएको अनुभव सुनाए । तालिमा उपयुक्त जात छनोट कसरी गर्ने, बीउ उपचार, समयमै रोपाइँ, लाइनमा छर्ने विधि सिकाइएको थियो । माटो परीक्षण गरेर सन्तुलित मलखाद कसरी प्रयोग गर्ने, सिँचाइ व्यवस्थापन, रोग र कीरा व्यवस्थापन, झार नियन्त्रण, कटानी र भण्डारणजस्ता कुरा किसानलाई सिकाइएको भैरहवा राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमका संयोजक डा रोशन बस्नेतले बताए । नेपाल कृषि अनुसन्धान परिषद् बाली तथा बागवानी अनुसन्धान निर्देशक डा. टेकप्रसाद गोतामेलेका अनुसार राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमले खाद्य सुरक्षासँगै पोषण सुरक्षालाई प्राथमिकतामा राख्दै पछिल्लो छ दशकमा ५४ वटा उन्नत गहुँका जात विकास गरेको छ । हाल थप चार जात सिफारिसको चरणमा रहेको र १३ वटा पुराना जात सिफारिस सूचीबाट हटाइएको छ । उनले अनुसन्धान कार्यक्रमले तराई क्षेत्रका लागि जिङ्क गहुँ-१, जिङ्क गहुँ-२ र बोर्लग-२०२० तथा पहाडी क्षेत्रका लागि खुमलशक्ति, भेरीगङ्गा र हिमगङ्गा जात विकास गरेको जानकारी दिए । यी जातमा जिङ्क र आइरनको मात्रा बढी पाइने तथा रोग, कीरा र जलवायु परिवर्तनको असर सहन सक्ने क्षमता उच्च रहेको दाबी गरिएको छ । नयाँ जातबाट प्रतिहेक्टर साढे पाँच टनसम्म उत्पादन लिन सकिने वैज्ञानिकहरूको दाबी छ । वैज्ञानिकहरूका अनुसार उन्नत जात प्रभावकारी रूपमा किसानसम्म पुर्‍याउन सके र मलखाद तथा सिँचाइको उचित व्यवस्थापन गर्न सके देश गहुँमा आत्मनिर्भरमात्र होइन, निर्यात गर्ने अवस्थासम्म पुग्न सक्छ । *-रासस*

## खेलकुद समाचार

### जावलाखेल र प्लानिङ ब्वाइज विजयी



**काठमाडौं,** फागुन १२/राष्ट्रिय लिग फुटबलमा हिजो भएका खेलमा जावलाखेल युथ क्लब र प्लानिङ ब्वाइज युनाइटेड विजयी भएका छन् । ललितपुरको सातदोबाटोमा रहेको एन्फा कम्प्लेक्सको मैदानमा भएको पहिलो खेलमा जावलाखेलले नेपाल पुलिस क्लबलाई ३-० गोलले हरायो । जावलाखेलका निकालेस ह्यामिल्टन, युवराज ढकाल र विकास दर्लामी मगरले गोल गरे । यो जीतसँगै जावलाखेल ६ खेलमा ९ अंकसहित तालिकाको आठौँ स्थानमा उक्लिएको छ । पुलिस ६ खेलमा ४ अंकसहित १४ औं स्थानमा छ । यस्तै एम्फा कम्प्लेक्समै भएको दोस्रो खेलमा प्लानिङ ब्वाइजले सङ्कटा एफसीलाई ४-० गोलले हरायो । प्लानिङ ब्वाइजका पापा इबोउ केबेले ह्याट्रिक र श्याम मुर्मुले १ गोल गरे ।

## अर्थ/कर्पोरेट समाचार

### खुल्यो पाल्पा सिमेन्टको आईपीओ




**पाल्पा,** फागुन १२/पाल्पा सिमेन्ट इन्डस्ट्रिजले आमसर्वसाधारणका लागि मंगलबारदेखि प्राथमिक सेयर (आईपीओ) खुलाएको छ । कम्पनीले जारी पूँजी ३ अर्ब ७५ करोड रुपैयाँको २० प्रतिशत अर्थात् ७५ करोड रुपैयाँको ७५ लाख कित्ता सेयर सर्वसाधारण समूहमा निष्कासन गर्न लागेको हो ।

यसअघि कम्पनीले प्रभावित स्थानीय, वैदेशिक रोजगारमा रहेकालाई आईपीओ बाँडफाँट गरिसकेको छ । आईपीओ निष्कासन तथा बिक्री प्रबन्धकमा नबिल इन्भेस्टमेन्ट बैंकिङ रहेको छ । म्युचुअल फन्ड, आयोजना प्रभावित स्थानीय, कर्मचारी तथा वैदेशिक रोजगारमा रहेकालाई निष्कासन गरेपछि बाँकी रहेको ७५ लाख कित्ता सेयर सर्वसाधारणमा निष्कासन हुन लागेको हो । यो सेयरमा फागुन १५ गतेसम्म आवेदन दिन सकिने बिक्री प्रबन्धकले जनाएको छ । न्यूनतम १० तथा अधिकतम १ लाख कित्तासम्म आवेदन दिन सकिनेछ । अनलाइन प्रणाली मेरोसेयर वा सीआस्बा सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिन सकिनेछ । हाल बजारमा ४ सिमेन्ट कम्पनी सूचीकृत छन् । सर्वोत्तम, शिवम्, घोराही र सोनापुर सिमेन्ट बजारमा सूचीकृत छन् । अंकित मूल्य १ सयमा प्राथमिक सेयर जारी गर्ने यो एक मात्रै सिमेन्ट कम्पनी हो । तानसेन ब्रान्डमा ओपीसी, पीपीसी तथा पीएससी सिमेन्ट उत्पादन र बिक्री गर्दै आएको यो कम्पनीले भारतमा निर्यात समेत गर्ने गरेको छ । दैनिक १ हजार ८ सय टन क्लिंकर र २ हजार २ सय टन सिमेन्ट उत्पादन गर्ने क्षमता राख्दछ । नवलपरासीको सुनवलमा फ्याक्ट्री सञ्चालनमा छ ।

# एक पटक अवसर दिनुहोस् ...

...नेता श्रेष्ठले किसानलाई भिजन टेन मार्फत बाली र पशुपंक्षि पालनमा ९० प्रतिशत अनुदान दिने संकल्प समेत आफ्नो रहेको बताए । उनले बन्यजन्तुबाट जिल्लाका किसानहरु समस्यामा परेको भन्दै त्यसलाई नियन्त्रण गर्ने योजना आफुसँग भएको पनि उल्लेख गरे । नेता श्रेष्ठले बाँदर र बदेललाई स्पष्ट नीति बनाएर नियन्त्रण सकिने भएकाले आफु संसदमा पुगेर पहिलो काम त्यही गर्ने बताए । उनले पाल्पामा थुप्रै ऐतिहासिक पर्यटकीयस्थलहरु भएकाले तिनीहरुको पहिचान गरी आर्थिक समृद्धि ल्याउने बताए । नेता श्रेष्ठ काँग्रेसको सरकार बने मात्र देशमा आर्थिक समृद्धि हासिल हुने र विपन्न नागरिकको जीवनस्तर माथि उकासिने भएकाले काँग्रेसका उम्मेदवारहरुलाई रुख चिन्हम मतदान गरी भारी मतले विजयी गराउन मतदाताहरुलाई आग्रह गरे ।

# एमाले उम्मेदवार गैरे...

...संन १८१४-१६ को नेपाल-अंग्रेज युद्धमा जीत हासिल गर्न हातहतियार बनाइएको ठाउँमा 'उजिरसिंह पार्क' निर्माण गरी इतिहास र अर्थतन्त्रलाई जोड्ने, आधुनिक तरिकाबाट खेती: कृषिलाई रोजगारी र पर्याप्त आयको स्रोत बनाउन आधुनिक र प्रविधिमैत्री खेती प्रणालीका योजनाहरु सञ्चालन गर्ने उम्मेदवार गैरेले जनाएका छन् । खेतीयोग्य जमिनमा कुलो र नहर पुर्‍याएर पानीको सुविधा भएका ठाउँमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराई खाद्यान्नमा आत्मनिर्भर बनाउन पहल गर्ने, र रैथाने बाली र अर्गानिक उत्पादनलाई विशेष प्राथमिकता दिइने गैरेको प्रतिवद्धतापत्रमा उल्लेख छ । यस्तै पाल्पा सुहाउँदो उद्योग र व्यवसायलाई प्रोत्साहन गर्दै स्वदेशमै रोजगारी सिर्जना गरी युवा पलायन रोक्ने नीति निर्माण गर्ने, सार्वजनिक सेवालाई प्रभावकारी, जवाफदेही र भ्रष्टाचारमुक्त बनाउन 'सफा हात, स्वच्छ प्रशासन'को अवधारणा अघि सारिएको छ । पाल्पा क्षेत्र नं. २ का नागरिकसँग प्रत्यक्ष संवाद गर्न नियमित जनसुनवाई र प्रगति प्रतिवेदन सार्वजनिक कार्यक्रम सञ्चालन गर्ने समेत उनले संकल्प गरेका छन् । पाल्पा अस्पताललाई प्रमुख स्वास्थ्य केन्द्रको रूपमा रूपान्तरण गरी नागरिकलाई स्वास्थ्य बीमामार्फत सर्वसुलभ सेवा प्रदानको लागि पहल गर्ने, शिक्षालाई सीपसँग र खेलकुदलाई पर्यटनसँग जोड्ने नीति निर्माण गर्ने, जेष्ठ नागरिक मिलन केन्द्र र खुल्ला व्यायामशालाहरूको स्थापना गरी सामाजिक कल्याण सुनिश्चित गरिने उम्मेदवार गैरेले प्रतिवद्धतापत्रमा उल्लेख गरेका छन् । नेकपा एमालेले पाल्पाले प्रत्यक्षतर्फ क्षेत्र नं १ बाट नारायण प्रसाद आचार्य, क्षेत्र नं २ बाट ठाकुर प्रसाद गैरे, समानुपातिकतर्फ ओम बहादुर घर्ती मगर, ठानेश्वर बस्याल र रोजीरन खातुनलाई उम्मेदवार बनाएको छ । पत्रकार सम्मेलन कार्यक्रम एमाले पाल्पाका प्रचार विभाग प्रमुख दिपक विश्वकर्माको अध्यक्षता, एमाले रिब्दीकोट गाउँपालिका कमिटिका अध्यक्ष विष्णु खनालको स्वागत, प्रेस चौतारी पाल्पाका अध्यक्ष कृष्ण कार्कीको सञ्चालनमा भएको थियो ।


**Rambha Rural Municipality**
**Office of Rural Executive, Pipaldada, Palpa**
**Lumbini, Province, Nepal**

**NOTICE OF INVITATION FOR BIDS (E-BIDDING ONLY)**

**(First Publication Date: 25-Feb-2026 (2082/11/13)**

**1.** Rambha Rural Municipality, office of Rural Municipal executive invites only electronic bids from eligible bidder's for the supply of following goods.

| Contract Identification No | Description of works | Bid Security Amount | Bid/Bid Security Validity Period | Bid Document Fee |
|---|---|---|---|---|
| RRM/SQ/Goods/082/083-05 | Procurement and Supply of Medicine and Surgical Items of Rambha Rural Municipality | NRs. 40,000/- | 45/75 Days from Bid Submission Deadline | NRs.1,000/- |

**2.** Bidder may download the bidding Document and submit their bids electronically through ***www.bolpatra.gov.np/epg*** as specified in bid document.

**Chief Administrative Officer**
**Rambha Rural Municipality**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई